सर्लाही जिल्ला लालबन्दी नपा-१ लखनदेहीमा प्रहरीको गोलीबाट मारिएका
कुमार पौडेलको घटना सम्बन्धमा तयार पारिएको

# प्रारम्भिक स्थलगत अनुगमन प्रतिवेदन



*फोटो स्रोतः सञ्चार केन्द्र डट कम*

प्रतिवेदन सार्वजनिक मिति
२०७६ साउन १५ गते

**घटना भएको मिति :** २०७६ असार ५ गते अन्दाजी दिउँसो १-२ बजे

**स्थलगत अध्ययन गरिएको मिति :** २०७६ असार ६, ७ र ८ गते

**अध्ययन भ्रमण गरिएका स्थानहरू :**

घटनास्थल लालवन्दी नपा-१ (लखनदेही खोला नजिक), बागमती नपा-२ धरहरा टोल मृतकको घर, इलाका प्रहरी कार्यालय, नवलपुर, जिल्ला प्रहरी कार्यालय, जिल्ला अस्पताल मलङ्गवा, इलाका प्रहरी कार्यालय, लालबन्दी, लालबन्दी नपा-१ कार्यालय नवलपुर, लालबन्दी नपा-१० र ११ हिरापुर र अन्य सम्बन्धित स्थानहरु ।

**अध्ययनको उद्देश्य :**

१. घटनाको स्थलगत अध्ययन, अनुगमन र अवलोकन गरी सत्य तथ्यसहितको प्रतिवेदन सार्वजनिक गर्नु ।

**अध्ययन विधिः**

१. घटनाको स्थलगत अध्ययन, अनुगमन तथा अवलोकन
२. भेटघाट तथा छलफल
३. सूचना तथा तथ्य सङ्कलन

**घटना विवरणः**

सर्लाही जिल्ला बागमती नगरपालिका-२ धरहरा निवासी नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेकपा सर्लाही जिल्ला इन्चार्ज ४७ वर्षीय कुमार पौडेलको ०७६ असार ५ गते दिउँसो अन्दाजी २ बजे लालबन्दी नगरपालिका-१ स्थित लखनदेही नजिकैको जङ्गलमा प्रहरीसँग भएको मुठभेडमा मृत्यु भएको समाचार सो दिनका सबैजसो सञ्चार माध्यममा प्रकाशन तथा र प्रशासरण भए ।
दुई ओटा मोटरसाइकलमा आएका विप्लव समूहका चार जना कार्यकर्ता लालबन्दीबाट उत्तरतर्फ गइरहेका बेला गस्तीमा रहेका प्रहरीमाथि गोली प्रहार गरेपछि आत्मरक्षाका लागि गोली चलाउँदा पौडेलेको लखनदेही जङ्गलमा मृत्यु भएको र अन्य तीन जना फरार भएको प्रहरीले विज्ञप्तिमार्फत जनायो भने विप्लव नेतृत्वको नेकपाले सोही दिन विज्ञप्ति जारी गरी पौडेललाई प्रहरीले नियन्त्रणमा लिएर निर्ममतापूर्वक कुटपिट गरी हत्या गरेको जनायो । पौडेल सहित जम्मा तीन जना रहेको भन्ने पार्टी जनकपुर ब्यूरो इन्चार्जले बताएका छन् ।

स्थलगत अध्ययन तथा अनुगमनमा गएको टोलीले पौडेल मारिएको भनिएको स्थानमा रगतका दागहरू फेला पारेको थियो । घटना स्थल नजिकै चाउचाउको कार्टुन, चाउ चाउको खाली खोलहरु र मिनिरलवाटका खाली बोतलहरु फालिएको पाइएको थियो । अनुगमन टोलीले भ्रमण गरेका घटनास्थल भन्दा लगभग १ किलोमिटर उत्तरतर्फ रहेको हिरापुर गाउँका बासिन्दाले गोलीको आवाज नसुनेको बताए । तर उक्त दिन बिहानैदेखि लखनदेही जङ्गलमा सुरक्षाकर्मीको चहलपहल देखेको स्थानीयले बताए । सो दिन घटनास्थल वरपर कृषक तथा घाँस दाउरा गर्ने स्थानीयहरुलाई आवतजावत गर्न सुरक्षाकर्मीले अवरोध गरेका थिए । सो क्षेत्रमा जान सुरक्षाकर्मीले किन रोकेको र के भएको भनी स्थानीयवासीलाई जानकारी थिएन । कुमार पौडेल मारिएको सञ्चार माध्यमबाट थाहा पाएको स्थानीयले अनुगमन टोलीलाई बताए ।

प्रहरी प्रधान कार्यालय, प्रदेश प्रहरी र जिल्ला प्रहरी कार्यालयको संयुक्त प्रहरी गस्ती टोलीको कारबाहीमा कुमार पौडेलको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक (एसपी) गोपालचन्द्र भट्टराईले बताए । लालबन्दी नगरपालिका- १ का वडा अध्यक्ष पञ्चलाल स्याङ्बोलाई प्रहरीले घटना भएकै दिन राति ८ बजे इलाका प्रहरी कार्यालय, लालबन्दीमा बोलाइ तीन पृष्ठको घटनास्थलको मुचुल्कामा हस्ताक्षर गराएको अध्ययन टोलीलाई बताए ।

मृतक कुमार पौडेलको शवलाई असार ५ गते नै एम्बुलेन्समा राखेर जिल्ला अस्पताल मलङ्गवामा लगिएको स्थानीयले बताए । घटनास्थलबाट डेडकर्ड तीन फिट, फ्युज वायर पाँच फिट, मेड इन युएसए लेखिएको रिभल्वर एक थान, सोमा लाग्ने चार राउण्ड गोली, एक थान कटुवा पेस्तोल, सोमा लाग्ने दुई राउण्ड गोली, अखिल नेपाल भूमिहीन सुकुम्बासी सङ्घ लेखिएको कसैको नाम उल्लेख नगरिएको परिचय पत्र २ सय थान, मोटरसाइकल दुई थान बरामद गरी इलाका प्रहरी कार्यालय, लालबन्दीमा राखिएको प्रहरीले बतायो ।

घटनास्थलदेखि डेढ किलोमिटर दक्षिण तर्फ रहेको जंगलटोलका बासिन्दाहरुले दोहोरो भिडन्तको गोलीको आवाज नसुनेको बताए ।

**अनुगमनबाट प्राप्त सूचनाको विवरणहरू:**

१. सर्लाही जिल्ला बागमती नपा-२ धरहरा निवासी नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेकपा सर्लाही जिल्ला इन्चार्ज ४७ वर्षीय कुमार पौडेलको ०७६ असार ५ गते प्रहरीले प्रहार गरेको गोलीबाट मृत्यु भएको पाइयो ।

२. घटनास्थल बटुवा, कृषक तथा गोठालाहरूको आवतजावत हुने बाटो रहेको, सो क्षेत्रमा घटना भएको दिन बिहानदेखिसुरक्षाकर्मी ‘सादा पोशाकमा परिचालन गरिएको र स्थानीयलाई आवतजावतमा रोक लगाइएको पाइयो ।

३. घटनास्थलमा तत्कालै खिचिएको मृतक कुमार पौडेलको फोटोमा मृतकको हात भाँचिएको र हातमा पेस्तोल राखिएकोजस्तो पाइयो ।

४. इलाका प्रहरी कार्यालय, लालबन्दी र इलाका प्रहरी कार्यालय, नवलपुर सो घटनामा संलग्न नरहेको र घटना भएपछि मात्र घटनाबारे थाहा पाएको सम्बन्धित इलाका प्रहरी कार्यालयका प्रमुखहरुको भनाइ रह्यो ।

५. प्रहरी प्रधान कार्यालय, प्रदेश २ प्रहरी कार्यालय र जिल्ला प्रहरी कार्यालयको संयुक्त गस्ती टोलीसँगको दोहोरो भिडन्तमा कुमार पौडेलको मृत्यु भएको हो भनी जिल्ला प्रहरी कार्यालयका प्रमुख, एसपी गोपालचन्द्र भट्टराईको भनाइ रह्यो ।

६. जिल्ला प्रहरी कार्यालय, सर्लाहीले ०७६ असार ५ गते प्रेस विज्ञप्ति जारी गरी सोही दिन दिउँसो २ बजे गस्तीमा रहेको प्रहरी टोलीमाथि कुमार पौडेलको समूहले फायर गरेको र प्रहरी टोलीले आत्मरक्षाको लागि जवाफी फायर गर्दा कुमार पौडेलको घटनास्थलमै मृत्यु भएको जनायो । पौडेलसँगै रहेका तीन जना भने फरार भएको तथा तीन जनामध्ये एक जना घाइते पनि भएको हुनसक्ने उक्त विज्ञप्तिमा उल्लेख छ **। अनुसूचि १ हेर्नुहोस्**

७. नेपाल कम्युनिष्ट पार्टी जनकपुर ब्युरोले घटना भएकै दिन जारी गरेको विज्ञप्तिमा कुमार पौडेललाई सुरक्षाकर्मीले नियन्त्रणमा लिएर हत्या गरेको जनायो । **अनुसूचि २ हेर्नुहोस्**

**घटनास्थलको विवरणः**

घटनास्थल सर्लाही जिल्ला लालबन्दी नपा-१ लखनदेही खोला पूर्वपश्चिम लोकमार्ग नवलपुर चोकबाट हिरापुर भन्ने चन्द्रनगर गाउँतर्फ जाने ग्राभेल बाटोको उत्तरतर्फ रहेको छ । सो ठाउँ नवलपुर चोकबाट उत्तरतर्फ लगभग साढे ३ किमीको दूरीमा पर्दछ । नवलपुर चोकबाट घटनास्थल जाने क्रममा बीचमा जङ्गल रहेको र सो जंगलबाट डेढ किलोमिटरको दूरीमा घटनास्थल रहेको छ । घटनास्थलबाट उत्तरतर्फ एक किमीको दूरीमा हिरापुर गाउँ, पूर्वतर्फ सिसौघारी, पश्चिमतर्फ लखनदेही खोलाको बगर र खेत तथा दक्षिणतर्फ जंगलटोल रहेको छ ।

**घटना सम्बन्धमा सरोकारवाला र स्थानीयको भनाइः**

**सूर्यबहादुर कार्की, प्रहरी नायब निरीक्षक, इलाका प्रहरी कार्यालय, नवलपुर, सर्लाही**

घटना भएको दिन बकपत्र रहेकोले म जिल्ला अदालत गएको थिएँ । कुमार पौडेलको शव पोष्टमार्टम बारेमा पनि थाहा भएन । घटना मुचुल्का इलाका प्रहरी कार्यालय, लालबन्दीबाट भएको हो । यो कार्यालय इलाका प्रहरी कार्यालय, लालबन्दी मातहत पर्छ । इलाका प्रहरी कार्यालय, लालबन्दीले घटनाको अनुसन्धान गर्दैछ ।

**गोपालचन्द्र भट्टराई, एसपी, जिल्ला प्रहरी कार्यालय, सर्लाही**

तीन चार दिनदेखि चन्दा आतङ्क बढेको थियो । कुमार पौडेलले चन्दा नदिए मारिदिने धम्की दिएको भन्ने कुराको गुनासो आउने गरेको थियो । यो सुनियोजित घटना होइन । प्रहरी गस्तीमा थियो । दुई ओटा मोटरसाइकलमा चार जना थिए । एउटा अनटेस्ट लेखेको बाइक थियो । प्रहरीले त्यस्तो बाइकमा बढी ध्यान दिन्छ । त्यसैक्रममा उनीहरूले प्रहरी गस्ती टोलीमाथि गोली फायर गरे । प्रहरीले पनि आत्मरक्षाका लागि गोली फायर गऱ्यो । दोहोरो फायरिङ् भयो । कुमार पौडेललाई गोली लाग्यो । अन्य तीन जना जङ्गलतिर भागे । सो घटनाको बारेमा थाहा पाएपछि म आफैँ घटनास्थल पुगेँ । घटना सम्बन्धमा स्थानीय निकायमार्फत पीडित परिवारसँग सम्पर्क कार्य गरिएको छ । दिन दहाडै त्यहाँ गएर नियन्त्रणमा लिएर मार्ने ठाउँ होइन । कुमार पौडेल विरूद्ध चार ओटा मुद्दा दर्ता भएको छ । उनी प्रहरीको खोजी सूचीमा थिए । उनलाई पक्राउ गर्न निर्देशन आएको थियो ।

**डा. वीरेन्द्र मण्डल, चिकित्सक (पोष्टमार्टम गर्ने चिकित्सक), मलङ्गवा अस्पताल, सर्लाही**

शवको पोष्टमार्टम भयो । हात र टाउकोमा गोली लागेको र शरीरका अन्य भागमा चोटपटक लागेको देखिन्छ । विस्तृत विवरण पोष्टमार्टम रिपोर्टमा आउँछ ।

**हरिबहादुर कार्की, मृतकका मामा**

भान्जा कुमार पौडेल विप्लव समूहसँग आबद्ध थिए । भान्जा कुमारलाई प्रहरीले गोली हानी हत्या गरे । उनीसँगै रहेका तीन जना भागेको, कुमारमात्रै मारिएका छन् । स्थानीय व्यक्तिको भनाइअनुसार एक डेढ घण्टा जति नियन्त्रणमा राखेको, यातना दिएको सुनियो । मान्छेलाई मार्न नै पाइँदैन । कुनै कसुर गरेको भए जेल पठाएको भए पनि हाम्रो विमति हुने थिएन । घटनास्थलमाथि हिरापुर भन्ने बस्ती छ । बस्तीमा गिरफ्तार गरेको र भान्जालाई घिसार्दै तल ल्याएर मारेको हो ।

**किरणप्रसाद न्यौपाने, प्रहरी निरीक्षक, इलाका प्रहरी कार्यालय, लालबन्दी, सर्लाही**

मैले असार ५ गते दिउँसो २ बजे घटनाबारे थाहा पाएँ । म नगरपालिकाको कार्यक्रममा थिएँ । घटना भएको १५-२० मिनेटमा म घटनास्थल पुगेको हो । उक्त प्रहरी टोलीमा यस कार्यालयको कोही पनि सहभागी थिएन । कुमार पौडेल बागमती आयोजना लगायतको मुद्दामा फरार आरोपित हुन् । इलाका प्रहरी कार्यालय, बरहथवामा उनीमाथि बम विष्फोटको मुद्दा पनि चलेको छ । घटनास्थलबाट बरामद दुई मोटरसाइकल कार्यालयमा राखिएको छ । त्यस्तै कुमार पौडेलको साथबाट बरामद सामग्रीहरू पनि कार्यालयमा राखिएको छ ।

**धनकुमारी पौडेल, मृतककी पत्नी**

प्रहरीले मेरो पतिको हत्या गऱ्यो । अब कसको सहारामा बाँच्नु ? जेठ ३ गते माइत गएको थिएँ । १५ दिन जति माइतीघरमा बसेँ । जेठ १७ गते पति कुमार पौडेल मलाई लिन आउनु भयो । जेठ १९ गते माइतबाट फर्किने क्रममा नहरसम्म मोटरसाइकलमा छोड्न आउनु भयो । त्यसपछि घर आउनु भएको थिएन । घटना हुनुभन्दा पहिला १२ बजे फोन गर्नु भएको थियो । सञ्चो बिसञ्चो कुरा गर्नुभएको थियो ।

**हरिकृष्ण पौडेल, मृतक कुमार पौडेलको कान्छा भाइ**

मेरो दाजु कुमार पौडेल विगत ३–४ वर्षदेखि विप्लवले नेतृत्वको नेकपामा संलग्न हुनुहुन्थ्यो । सो भन्दा अगाडि चुरे भावर एकता समाज पार्टीमा हुनुहुन्थ्यो । दाइले गाँउमा बसेर राजनीति गर्दै आउनु भएको थियो । नेपाल सरकारले २०७५ साल फागुन महिनादेखि सो पार्टीलाई प्रतिबन्ध लगाएपछि दाइ घरमा आउनु भएन । तर बेलावखत भेटघाट तथा फोनमा कुराकानी हुने गरेको थियो ।

दाइको प्रहरी प्रशासनका व्यक्तिसँग राम्रै सम्बन्ध रहेको र उनीहरु (प्रहरी–प्रशासनका व्यक्ति) सँग कुराकानी पनि हुने गरेको थियो ।

दाइको हत्या भएको कुरा सो दिनको अन्दाजी १–२ घण्टा भित्रै फेसबुक र अन्य व्यक्तिहरुबाट थाहा पायौँ । शुरुमा हामीलाई विश्वास नै लागेन । किनभने दाइले भाउजुलाई दिनको १२:०० बजेतिर आफैँले फोनमा कुराकानी गर्नु भएको थियो । सो कुराकानी समान्य रुपमा भएको र फेरि पछि गर्छु भन्नु भएको रहेछ । सोको केही समयपछि नै दाजुको हत्या भएको भनी खबर आयो । त्यसपछि हामी इलाका प्रहरी कार्यालय, लालबन्दी (सर्लाही) र सो पछि इलाका प्रहरी कार्यालय, नवलपुर (सर्लाही) मा गयौँ उहाँहरुले कुनै किसिमको जानकारी नरहेको भनी जवाफ दिनु भएको थियो । दाइको दोहोरो भिडन्तमा मृत्यु नभएको हुँदा घटनाको सत्यतथ्य छानबिन गरी दोषीउपर कारबाहीको माग गर्दछु ।

**पञ्चलाल स्याङ्बो, वडा अध्यक्ष, लालबन्दी नपा-१ जङ्गल टोल**

घटनाको दिन म वडा कार्यालयमा थिएँ । सशस्त्र प्रहरी क्याम्प नवलपुरबाट फोन आयो । तपाइँको वडा लखनदेही खोलामा घटना भयो, केही थाहा छ कि भनि सोध्यो ।मलाई केही थाहा भएन भनेर जबाफ दिएँ । हरिभवन नपा-३ मा मेरो भाइको घर छ । त्यतातिर घटना भयो कि भनेर भाइलाई फोन गरेर सोधेँ । उनलाई पनि थाहा थिएन । लगतै सांसद डिल्ली उप्रेतीले फोन गर्नुभयो । तपाइँको वडामा घटना भयो । मैले बुझ्दैछु भन्नुभयो । नवलपुर प्रहरीको सईलाई फोन गरेर घटना के भएको हो भनेर सोधेँ । प्रहरीको कारबाहीमा कुमार पौडेलको मृत्य भयो' भनेर जबाफ दिए । तीन महिना अगाडि कुमार पौडेल मोटरसाइकल सर्भिसिङ् गर्न नवलपुर आएका थिए । त्यतिबेला पौडेलसँग भेट भएको थियो । सँगै नास्ता पनि खायौँ । पार्टीको अभियानमा लागेको छु भनेर केही कुरा गऱ्यो । आर्थिक सहयोगका लागि केटाहरू आए सहयोग गर्नु भनेको थियो । त्यसपछि छुटियौँ । एक्कासि यो घटना

भएको सुनियो । २:३० बजे मेरी पत्नीले घरबाट फोन गरिन् । ६ देखि ७ ओटा प्रहरी भ्यान, एउटा एम्बुलेन्स आफ्नो घर नजिकबाट दक्षिणतिर जाँदै गरेको उनले बताइन् । प्रहरीले घटना स्थलतिर कसैलाई जान दिएको थिएन । लास एम्बुलेन्समा राखेर गएको र उक्त लासलाई प्लास्टिकमा बेरेर राखिएको पत्नीले सुनाइन् । घटनास्थलमा म गएको छैन । त्यो दिनभर वडा कार्यालयमा बसेँ । ५ बजे घर गएँ । ८ बजे राति नवलपुर प्रहरी कार्यालयको सईले फोन गरेर कार्यालयमा आउन आग्रह गरे । मैले आउन गाडी छैन भनेपछि सइले घरमै गाडी पठाइदिए । मलाई घटनास्थल मुचुल्कामा सही गर्न भनियो । मैले शव हेरेको छैन । घटनास्थल हेरेको छैन । मैले कसरी मुचुल्कामा सही गर्ने ? भनेर प्रश्न गरेँ । मलाई कुमार पौडेलको घटनास्थलको फोटोहरू हो भनेर देखाइयो । फोटो स्पष्ट छैन भनेँ । पछि कुमार पौडेलको अनुहार भएको फोटो देखाइयो । छातीमा गोली लागेको एउटा फोटो, र टाउकोमा गोली लागेको अर्को फोटो देखाइयो । शव भने हेर्न दिइएन । तीन पेजको मुचुल्का बनाएको रहेछ । मुचुल्कामा लेखिएको विषय पढेर सुनाइएन । दोहोरो भिडन्तमा कुमार पौडेलको मृत्यु भएको, तीन जना भागेको र तपाइँको वडामा घटना भएको भनी मुचुल्कामा सहीछाप गराए । भोलिपल्ट पुनः प्रहरी घरमा आए र मुचुल्कामा तीन जना फरार व्यक्तिको नाम छुटेकाले सच्याएर ल्याएको छौं भन्दै पुनः मुचुल्कामा सही गराए । गाउँलेहरू घटनास्थलमा गोली नै नचलेको बताउँछन् । गाईवस्तु चराउनेहरूलाई प्रहरीले आवतजावत गर्न रोक लगाएको थियो । घटना दोहोरो भिडन्त नभएको हुँदा घटनाको निष्पक्ष छानविन होस् ।

**स्थानीय, लालबन्दी नपा-११ हिरापुर**

घटना भएको दिन` म पसलमा थिएँ । घटनास्थल नजिकै छ । घटनाबारे दिउँसो ३ बजे थाहा भयो । त्यो पनि भतिजले भनेर । गोलीको आवाज सुनिएन । थुप्रै प्रहरी घटनास्थल वरपर देखिएको थियो । बाख्रा चराउन जानेलाई प्रहरीले सो क्षेत्रमा जान रोकेको थियो ।

**स्थानीय, लालबन्दी नपा-११ हिरापुर**

गोलीको आवाज सुनिएको छैन । सुरक्षाकर्मी परिचालन गरिएको थियो । घटनास्थलतिर जान सबैलाई रोक लगाइएको थियो ।स्थानीय घटनाबाट डराएका छन् । सोधपुछ गरेर गएपछि प्रहरी आउँछ कि भन्ने डर र त्रास स्थानीयमा रहेको छ । घरमा पनि कसैले गोली चलेको नसुनेको बताउँछन् । यो घटना दोहोरो भिडन्त हुँदै होइन ।

**निष्कर्ष :**

सरकारले प्रतिबन्ध लगाएदेखि नै नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपा सर्लाही जिल्ला इन्चार्ज कुमार पौडेल भूमिगत थिए । उनलाई विष्फोटक पदार्थ तथा सङ्गठित अपराध र आगजनीलगायत चार ओटा मुद्दा तथा चन्दा आतङ्क र प्रतिबन्धित पार्टीमा संलग्न रहेको आरोपमा प्रहरीले खोजी गरिरहेको थियो ।घटना अनुगमनको क्रममा भेटघाट गरिएका स्थानीय व्यक्ति, मृतकका परिवार एवम् नातेदारहरुले कुमार पौडेलको नियन्त्रणमा लिएर हत्या गरिएको हो भनी दावी गरेका छन् ।

अर्कोतर्फ प्रहरीले दोहोरो भिडन्त भएको जनाएता पनि यसको विश्वसनीय आधार भने पाउन सकिएन घटनाको अनुगमन तथा तथ्य संकलनमा गएको टोलीले देखेको घटनास्थलको अवस्था तथा प्रकृति, घटनास्थलमा खिचिएको फोटोहरु, जिल्ला अस्पतालमा राखिएको मृतकको शवको अवलोकन, शव पोष्टमार्टम गर्ने डाक्टरको भनाइ, मृतकको परिवार र आफन्तको भनाइ, स्थानीय व्यक्तिहरूको

कथन अनुसार घटना भएको दिन स्थानीयबासीलाई बिहानैदेखि घटनास्थलमा आवतजावतमा रोक लगाइनु,स्थानीय प्रहरीलाई घटनाबारे जानकारी नहुनु, दोहोरो गोली हानाहानको घटना भनिए पनि स्थानीयवासीले दोहोरो भिडन्तमा गोली चलेको आवाज नसुन्नु जस्ता कारणले कुमार पौडेलको दोहोरो भिडन्तमा मृत्यु भएको हो भन्न सकिने विश्वसनीय आधार देखिएन ।

कुमार पौडेलको मृत्यु दोहोरो भिडन्तमा नभई नियन्त्रणमा लिएपश्चात् गरिएको हुनसक्ने यथेष्ठ सम्भावना रहेकाले यस घटनाको निष्पक्ष अनुसन्धानका लागि छुट्टै उच्चस्तरीय न्यायिक छानविन समिति गठन गरी सत्य तथ्य बाहिर ल्याउनु पर्ने देखिन्छ । नेपालको कानुनले व्यक्ति हत्या गर्ने छूट कसैलाई दिएको छैन भने अर्कोतिर सस्तो लोकप्रियताका लोभमा गरिने गैरकानुनी कार्यले नेपाल प्रहरीको साख पनि उचो पार्दैन । आफ्ना कृयालापकाबारेमा प्रश्न उठिरहँदा त्यसको चित्तबुझ्दो जबाफ प्रहरीले दिनुपर्छ ।

**सुझावः**

नेपालको संविधानको भाग तीन धारा १६ मा सम्मानपूर्वक बाँच्न पाउने हक र कसैलाई पनि मृत्युदण्डको सजाय दिने गरी कानुन बनाइने छैन भनी उल्लेख गरिएको छ । संविधानले मानिसको बाँच्न पाउने अधिकारलाई प्रमुख अधिकारका रूपमा उल्लेख गरेको छ । नेपालका कुनै पनि कानुनमा मृत्युदण्ड वा जीवनको अधिकार समाप्त गर्न पाउने व्यवस्था छैन । नेपाल पक्ष राष्ट्र भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धिको धारा ६.१ मा 'प्रत्येक व्यक्तिमा जीवनको अन्तरनिहित अधिकार छ । कानुनद्वारा यो अधिकारको संरक्षण गरिनेछ । स्वेच्छाचारीरूपले कसैको जीवन हरण गरिने छैन' भन्ने उल्लेख छ ।

विगत केही वर्षदेखि 'कथित मुठभेड' का नाममा व्यक्ति हत्याको श्रृंखला बढेको छ । घटना भएको केही समयसम्म यसका विरुद्ध सार्वजनिक रूपमा आवाज उठ्ने गरे पनि क्रमशः यस्ता आवाज मत्थर हुँदै जाने गरेको र यस्ता घटनाको पुनरावृत्ति हुने गरेको छ । जनताको जीउधनको रक्षा गर्नु र कानुनको परिपालना गराउने सरकारको प्रमुख दायित्व हो । अपराधमा संलग्न भएका कारण कारबाही गरिएको भनी प्रहरीले दावी गरे पनि यसको आधारमा प्रहरीले जवाफदेहिताबाट छुट पाउनु हुँदैन । जस्तोसुकै अपराधमा संलग्न भए पनि उ अपराधी हो वा होइन भन्ने छुट्टयाउने काम अदालतको हो । कुनै पनि बहानामा गरिने कथित मुठभेडको औचित्य पुष्टि हुन सक्दैन । **यसर्थ, हामी निम्न माग गर्दछौं :**

१. कुमार पौडेल हत्या घटनाको न्यायिक छानविन गर्न उच्चस्तरीय संसदीय समिति गठन गरी सत्य तथ्य उजागर गर्न माग गर्दछौं ।
२. घटनामा संलग्नलाई कानुनी दायरामा ल्याउन तथा दण्डहीनातको अवस्था अन्त्य गर्न माग गर्दछौं ।
३. नेपालको संविधान, कानुन तथा नेपाल सरकारको अन्तराष्ट्रिय प्रतिबद्धताको स्मरण गराउँदै सो को परिपलानामा गम्भीरता अपनाउन नेपाल सरकारसँग माग गर्दछौं ।
४. कथित मुठभेडका नाममा व्यक्ति हत्या जस्तो जघन्य अपराधमा संलग्न संस्था वा व्यक्तिलाई उत्तरदायी बनाउन तथा कानुनी दायरामा ल्याउन माग गर्दछौं ।
५. राष्ट्रिय मानव अधिकार आयोगले यस घटनाका सम्बन्धमा गरेको अनुसन्धान तथा अनुगमन प्रतिवेदन तत्काल सार्वजनिक गर्न माग गर्दछौं ।

**नोट** : घटनास्थल वरपर भेटिएका र कुराकानी गरिएका स्थानीयको नाम सुरक्षाको कारणले गोप्य राखिएको छ ।

शव परीक्षण प्रतिवेदनका लागि जिल्ला प्रहरी कार्यालयमा आग्रह गरिएको भए पनि सो प्रतिवेदन हालसम्म उपलब्ध हुन सकेन ।

## अनुसूची १

जिल्ला प्रहरी कार्यालय सर्लाही

☎ ०४६-५२०७१४
९८५४०९०१९९
फ्याक्स ०४६-५२०९५०
email:dposarlahi_ci@nepal police. gov.np मलंगवा,नेपाल

Visit Nepal 2020

पत्र संख्या:-२०७५/०७६ च.नं. ६२६३ मिति:- २०७६।०३/०५ गते।
प्रा.प.सं.

**प्रेस विज्ञप्ती**

मिति २०७६।०३।०५ गते अं. १४:०० बजेको समयमा जिल्ला सर्लाही लालबन्दी न.पा. वडा नं. १ लखनदेही स्थित जंगलको पश्चिम किनारामा रहेको उत्तर दक्षीण बाटोमा प्रहरीको गस्तीको सिलसिलामा नम्बर नलेखिएको On Test मोटरसाईकल सहितका दुई वटा मोटरसाईकलमा लालबन्दीबाट उत्तर तर्फ गइरहेका चार जना व्यक्तीहरुले प्रहरी टोलीलाई देख्नासाथ मोटरसाईकल छाडी प्रहरीलाई लक्षित गरी आफुसँग रहेको हतियारबाट फायर गरेकोले प्रहरी टोलीले आत्म रक्षाको लागि जवाफी फायर गर्दा एकजना व्यक्तिको घटनास्थलमा नै मृत्यु भएको छ। मृत्यु हुने व्यक्तिको साथबाट बरामद परिचय पत्रको आधारमा निज नेत्रविक्रम चन्द ( विप्लव ) समुहका जिल्ला ईन्चार्ज जिल्ला सर्लाही बागमती न.पा.वडा नं. २ बस्ने बर्ष ४७ को कुमार पौडेल भएको खुल्न आएको छ। प्रहरीले घटनास्थल अनुसन्धान एवम् लाशजाँच मुचुल्का समेतको कार्य सम्पन्न गरी मृतक लाश पो.मा. को लागि सर्लाही जिल्ला अस्पताल मलंगवामा पठाएको छ। मृत्यु हुने कुमार पौडेल विरुद्ध जिल्ला प्रहरी कार्यालय सर्लाहीमा आगो लगाएको र संगठित अपराध, ई.प्र.का. हरिपुर सर्लाहीमा बम विष्फोट, ई.प्र.का. केशरगंज सर्लाहीमा बम बिष्फोट र ई.प्र.का. हरिवन सर्लाहीमा विष्फोटक पदार्थ तथा संगठित अपराध मुद्दा दर्ता भएको प्रहरीको अभिलेखबाट खुल्न आएको छ।

मृत्यु हुने व्यक्ति बाहेकका अन्य शंकास्पद ३ जना व्यक्तिहरु प्रहरीलाई फायर गर्दै जंगल तर्फ भागेको र फरार रहेका निज ३ जना व्यक्तिहरु मध्ये एक जना नाम नखुलेको व्यक्तिको खुट्टामा गोली लागि घाईते भएको आशंका गरिएको छ। फरार व्यक्तिहरुको प्रहरीद्वारा खोजीकार्य जारी राखिएको छ।

घटनास्थलबाट विष्फोटको लागि प्रयोग हुने डेडकर्ड ३ फिट, फ्युज वायर ५ फिट, Made in USA लेखिएको रिभल्बर थान १, ऐ. मा लाग्ने गोली राउण्ड ४, निजको झोलाबाट बरामद कट्टुवा पेस्तोल थान १, ऐ. मा प्रयोग हुने गोली राउण्ड थान २ , अखिल नेपाल भुमिहिन सुकुम्बासी संघ लेखिएको कसैको नाम उल्लेख नगरेको परिचय पत्र थान २००, ना. २२ प. ६४ नम्बरको पल्सर मोटरसाईकल थान १ र अनटेस्ट FZ मोटरसाईकल थान १ बरामद भएको छ।

विशेषत: लालबन्दी र हरिवन ईलाकाका व्यापारी, व्यवसायी, एवमं सर्वसाधारण व्यक्तिहरुलाई केही दिन देखी जबरजस्ती चन्दा माग्ने, चन्दा नदिएमा ज्यान मार्ने लगयतका धम्कीहरु दिने र जनमानसमा आतंक सिर्जना गर्ने एउटा समुह सक्रिय रहेको जनगुनासो बढे पश्चात् जिल्ला प्रहरी कार्यालय, सर्लाहीले गस्ती निग्रानी लगायतका प्रहरी गतिविधिहरुमा सक्रियता बढाएको थियो।

प्रहरी नायव उपरीक्षक
(प्रतित सिंह राठौर )
सुचना अधिकारी

अनुसूची २

संसारका श्रमिक र उत्पीडित जनता एक होऔं !  मार्क्सवाद-लेनिनवाद-माओवाद – जिन्दावाद !

# नेपाल कम्युनिस्ट पार्टी
## Communist Party of Nepal
## जनकपुर ब्युरो

पत्र संख्या/Serial No. :-
चलानी नं./Regd.No. :-

**कमरेड कुमार पौडेलप्रति हार्दिक श्रद्धाञ्जली**

केपी-पीके सामाजिक दलाल सरकारले हाम्रो पार्टीका सर्लाही जिल्ला इन्चार्ज तथा जनकपुर ब्युरो सदस्य कमरेड कुमार पौडेललाई आज बिहीबार दिउँसो करिब सवा एक बजे सर्लाहीको लालबन्दी नगरपालिका वडा नं. १ लखन्ती खोलामा साथीहरु कुरिरहेको अवस्थामा नियन्त्रणमा लिएर चिनिसकेपछि एक गोली हातमा र अर्को गोली टाउकोमा प्रहार गरी कायरतापूर्वक हत्या गरेको छ । बागमती नगरपालिका वडा नं. २ धरहरा घर भएका कमरेड कुमार पौडेललाई नेपाल कम्युनिस्ट पार्टी महान् सहिद घोषणा गर्दै उहाँप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछ । नेपाल कम्युनिस्ट पार्टी यो गैरन्यायिक हत्याको विरोध र भर्त्सना गर्दछ र वली सरकारको राज्यआतङ्क र हत्याको बदला एकीकृत जनक्रान्तिकै माध्यमबाट लिने प्रतिबद्धता पनि व्यक्त गर्दछ ।

हाम्रो पार्टीका जुझारु एवम् कर्तव्यनिष्ठ कमरेड कुमार पौडेलको बलिदानले पार्टी र आन्दोलनलाई ठूलो क्षति पुगेको छ । हामी शोक सन्तप्त परिवारजन र पार्टी पङ्क्तिप्रति गहिरो समवेदना प्रकट गर्दछौँ । हाम्रो पार्टी सहिदहरूको बलिदान खेर जान नदिने साथै एकीकृत जनक्रान्ति सफल गरिछाड्ने प्रतिबद्धता प्रकट गर्दछ ।

अरुण
इन्चार्ज

*मिति : ५ असार, २०७६*

---

*थप जानकारीका लागि:*

**एड्भोकेसी फारम नेपाल**
लामिडटाङ मार्ग, बालुवाटार-४, काठमाडौँ
पत्र मञ्जुषाः २१७९८, काठमाडौँ
फोनः ४४२५५६१, फ्याक्सः ४४३२३०९
इमेलः info@advocacyforum.org.np
advocacyforumnepal@gmail.com

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
नागार्जुन नपा-१०, स्यूचाटार, पत्र मञ्जुषाः २७२६,
काठमाडौँ
फोनः ५२१८७७०, फ्याक्सः ५२१८२५
इमेलः insec@insec.org.np
वेबसाइटः www.insec.org.np
www.inseconline.org